नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

फोन नं. ०१-४२५५७९६
फ्याक्सः ०१ -४२६२२६८
Email:
ewarsedcd@gmail.com
Website: edcd.gov.np
पचली, टेकु
काठमाडौं, नेपाल

पत्र संख्याः २०७७/०७८
च. नं: ९०९३

मितिः २०७८/०३/२०

श्री स्वास्थ्य कार्यालय,
७७ वटै जिल्ला।

विषयः कोभिड-१९ प्रतिकार्यका लागि जनस्वास्थ्य निरीक्षक परिचालन सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा नेपाल सरकारको कोभिड-१९ अध्यादेश,२०७८ को दफा ३३ को कार्यान्वयन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड-१९ प्रतिकार्यका लागि जनस्वास्थ्य निरीक्षक परिचालन सम्वन्धि संक्षिप्त कार्यविधी , २०७८ जारी गरे वमोजिम उक्त कार्यविधीको दफा ६(२) बमोजिम स्वास्थ्य सेवा विभाग अन्तर्गत यस इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखावाट हाल वहालमा रहेका योग्यता पुगेका स्वास्थ्यकर्मी (स्थायी/फाजिल) लाई परिचालन गरी जनशक्ति नपुगेको खण्डमा संक्षिप्त प्रक्रिया अवलम्वन गरी करारमा नियुक्ति गर्ने व्यवस्था भएकाले तहाँ जिल्लामा हाल दफा ६(१) बमोजिम कार्यरत कर्मचारी संख्या र दफा ६(२) वमोजिम नपुग संख्या (करारमा नियुक्त गर्नुपर्ने कर्मचारी संख्या) किटान गरी यथासक्य छिटो पठाइदिनुहुन अनुरोध छ ।

२०७८/३/२०
डा. कृष्ण प्रसाद पौडेल
निर्देशक

निर्देशक

वोधार्थः
श्रीमान् सचिवज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ ।
श्रीमान् महानिर्देशकज्यू, स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं ।
श्रीमान् महाशाखा प्रमुखज्यू, नीति योजना तथा अनुगमन महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ ।
श्री स्वास्थ्य आपतकालीन सञ्चालन केन्द्र, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ ।
श्री सामाजिक विकास मन्त्रालय, सातै प्रदेश ।(तथा स्वास्थ्य त॰ जनसंख्या मन्त्रालय गण्डकी र लुम्बिनि प्रदेश)
श्री प्रादेशिक स्वास्थ्य निर्देशनालय, सातै प्रदेश ।
श्री प्रदेश स्वास्थ्य आपतकालीन सञ्चालन केन्द्र, सातै प्रदेश ।

# कोभिड-१९ प्रतिकार्यका लागि जनस्वास्थ्य निरीक्षक परिचालन सम्बन्धी संक्षिप्त कार्यविधि, २०७८

(मा. मन्त्री स्तरबाट स्वीकृत मिति २०७८/०३/१४)

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौं

कोभिड-१९ प्रतिकार्यका लागि जनस्वास्थ्य निरीक्षक परिचालन सम्बन्धी
संक्षिप्त कार्यविधि, २०७८

**प्रस्तावना:** कोभिड-१९ सङकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ३३ को कार्यान्वयन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड-१९ प्रतिकार्यका लागि जनस्वास्थ्य निरीक्षक परिचालन सम्बन्धी संक्षिप्त कार्यविधि, २०७८ जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "कोभिड-१९ प्रतिकार्यका लागि जनस्वास्थ्य निरीक्षक परिचालन सम्बन्धी संक्षिप्त कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **न्युनतम योग्यता:** जनस्वास्थ्य निरीक्षकको न्युनतम योग्यता जनस्वास्थ्य विषयमा कम्तीमा स्नातक गरेको हुनु पर्नेछ।

३. **कार्य क्षेत्र र जनस्वास्थ्य निरीक्षकको संख्या:** देहाय बमोजिम जनस्वास्थ्य निरीक्षकहरूको संख्या निर्धारण गरिएको छ:

(क) काठमाण्डौं महानगरपालिकामा - ७ जना

(ख) अन्य महानगरपालिकामा - ५ जना

(ग) उपमहानगरपालिकामा - ३ जना

(घ) नगरपालिकामा - २ जना

(ङ) गाउँपालिका - १ जना

४. **जनस्वास्थ्य निरीक्षकको कार्य जिम्मेवारी:** जनस्वास्थ्य निरीक्षकहरूको कार्य जिम्मेवारी देहाय बमोजिम हुनेछ:

(क) स्थानीय तहमा संक्रमण रोकथामका गतिविधिहरू जस्तैः केश इन्भेस्टिगेसन तथा कन्ट्याक्ट ट्रेसिङ, स्क्रिनिङ, हेल्थ डेस्क, क्वारेन्टिन, आइसोलेसन, उपचार, सञ्चार गतिविधिहरू सम्बन्धित स्थानीय तह र जिल्ला स्थित स्वास्थ्य कार्यालयसँगको समन्वयमा सञ्चालन गर्ने गराउने।

(ख) उच्च जोखिम रहेका वडा तथा टोलहरूमा जनस्वास्थ्यका मापदण्डहरू पालना भए नभएको नियमित अनुगमन गरी अभिलेख राख्ने र सोको प्रतिवेदन जिल्ला कोभिड व्यवस्थापन समिति समक्ष पेश गर्ने।

(ग) उच्च जोखिममा रहेका क्षेत्रमा जनचेतना फैलाउने कृयाकलापहरू संचालन गर्न वडा स्तरमा रहेका सरकारी तथा गैरसरकारी संघ संस्था, टोल विकास संस्था, उपभोक्ता समिति, गुठी आदि सँग समन्वय गरी कार्य योजना बनाउन सहयोग गर्ने।

(घ) कोभिड-१९ संक्रमण रोकथामका लागि जारी गरिएका मापदण्डहरूको पूर्ण पालना गर्न गराउन जिल्ला तथा सामुदाय स्तरमा संघ संस्थाहरू सँग समन्वय गर्ने र समुदायको सहभागिता बढाउने।

(ङ) स्थानीय निकाय तथा संघ संस्थाहरूलाई जनस्वास्थ्यका मापदण्डहरू बारे जानकारी तथा परामर्श उपलब्ध गराउने।

(च) नेपाल सरकार र मुकरर अधिकारीबाट जारी आदेश तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी भएका मापदण्ड पालना नगर्ने व्यक्ति तथा संस्थाहरूको सूची तयार गरी प्रचलित कानून अनुसार कारवाही गर्न मुकरर अधिकारीलाई सिफारिस गर्ने।

(छ) जोखिम स्थानहरूको पहिचानका लागि स्थानीय तह तथा स्वास्थ्य संस्थाबाट सूचना संकलन गरी विश्लेषण गर्ने र विश्लेषणात्मक प्रतिवेदन जिल्ला कोभिड व्यवस्थापन समिति समक्ष पेश गर्ने।

(ज) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मुकरर अधिकारीले तोके बमोजिमका काम स्वास्थ्य कार्यालयको समन्वयमा गर्ने गराउने।

५. <u>जनस्वास्थ्य निरीक्षकको कार्य सञ्चालन विधिः</u> जनस्वास्थ्य निरीक्षकहरूले कार्य सम्पादन गर्दा देहाय बमोजिम गर्नु पर्नेछः

(क) जनस्वास्थ्य निरीक्षकहरूले मुकरर अधिकारीको प्रत्यक्ष सुपरिवेक्षण र स्वास्थ्य कार्यालय प्रमुख र स्थानीय तहका स्वास्थ्य संयोजकको समन्वयमा कार्य गर्नु पर्नेछ।

(ख) जनचेतना अभिबृद्धिका लागि स्थानीय तह र संघ संस्थाहरू सँग समन्वय गर्नु पर्नेछ।

(ग) कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ वा अन्य प्रचलित कानून अनुसार कारवाही गर्नु परेमा स्थानीय प्रशासनलाई आवश्यक सहयोग गर्नु पर्नेछ।

(घ) प्रत्येक हप्ता स्वास्थ्य कार्यालय प्रमुख, मुकरर अधिकारी, प्रादेशिक स्वास्थ्य आपतकालीन सञ्चालन केन्द्र (PHEOC) र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा रहेको स्वास्थ्य आपतकालीन सञ्चालन केन्द्र (HEOC) लाई संक्षिप्त कार्य प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ।

६. <u>छनौट विधिः</u> (१) हाल बहालमा रहेका योग्यता पुगेका स्वास्थ्यकर्मी (स्थायी/फाजिल)लाई परिचालन गर्ने।

(२) उपदफा (१) बमोजिम जनशक्ति नपुगेको खण्डमा स्वास्थ्य सेवा बिभाग अन्तर्गतको इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले संक्षिप्त प्रक्रिया अवलम्बन गरी करारमा नियुक्त गर्ने।

७. <u>सेवा अवधिः</u> (१) जनस्वास्थ्य निरीक्षकहरूको सेवा अवधि १ वर्ष हुनेछ र महामारी अवस्थाको मुल्यांकन गरी पदावधि थप गर्न सकिनेछ।

(२) कार्य सम्पादन सन्तोषजनक नभएको पाइएमा मुकरर अधिकारीको सिफारिशमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जुनसुकै बखत पनि सेवाबाट हटाउन सक्नेछ।

८. <u>तलबभत्ता तथा अन्य सुविधाहरूः</u> जनस्वास्थ्य निरीक्षकहरूको सेवा सुविधा देहाय बमोजिम हुनेछः

(क) नेपाल सरकार अधिकृत सातौं तह बराबरको तलब र ६ महिनाका लागि ५० प्रतिशत थप जोखिम भत्ता समेत गरी तलबभत्ता उपलब्ध गराउने। ***(जनस्वास्थ्य निरीक्षकको स्थानीय तह अनुसार ६ महिनाको लागि आवश्यक तलबभत्ताको लागत अनुमान अनुसूचीमा उल्लेख छ)***

(ख) कामको सिलसिलामा कोभिड-१९ संक्रमण भएमा उपचारको सम्पुर्ण खर्च नेपाल सरकारले व्यहोर्ने।

(ग) कोभिड-१९ मा खट्ने स्वास्थ्यकर्मीले पाउने जीवन बीमामा समावेश गर्ने।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

९. **विविधः** (१) आवश्यकता अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विभिन्न स्थानमा खटाउन सक्नेछ।

(२) प्रयोग गर्ने अभिलेख तथा प्रतिवेदन फारामहरू प्रचलित कानूनमा निर्धारण गरिएका र अन्य प्राविधिक पक्षको हकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(३) जनस्वास्थ्य निरीक्षक सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोके बमोजिम हुनेछ।

## अनुसूची-१

## जनस्वास्थ्य निरीक्षकको वितरण र ६ महिनाको लागि आवश्यक तलबभत्ताको लागत अनुमान

| क्र.सं. | स्थानीय तह | स्थानीय तहको संख्या | जनस्वास्थ्य निरीक्षकको संख्या (जना) | शुरु तलब स्केल | ५०% जोखिम भत्ता | आवश्यक जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १. | काठमाडौं म.न.पा | १ | ७ | ३७८७० | १८९३५ | २३८५८१० |
| २. | महानगरपालिका | ५ | ५ | ३७८७० | १८९३५ | ८५२०७५० |
| ३. | उप-महानगरपालिका | ११ | ३ | ३७८७० | १८९३५ | ११२४७३९० |
| ४. | नगरपालिका | २७६ | २ | ३७८७० | १८९३५ | १८८१३८१६० |
| ५. | गाउँपालिका | ४६० | १ | ३७८७० | १८९३५ | १५६७८१८०० |
| जम्मा | | ७५३ | १०७७ | - | - | ३६,७०,७३,९१० |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं